# अजित (ढकाल) मिजार घटना प्रकरणः आत्महत्या होइन हत्या हो ।

## प्रेस विज्ञप्ति

मिति २०७३ असार ३० गते धादिङ्ग जिल्लाको कुम्पुर गा.वि.स वडा नं. ३, परेवाटार स्थित काठबाट बनेको ठांटीमा झुण्डिएको अवस्थामा मृत भेटिएका भनिएका काभ्रेपलान्चोक जिल्ला पाँचखाल नगरपालिका वडा नं ६ का अजित (ढकाल) मिजारको मृत्यु आत्महत्या नभई सुनियोजित ढंगबाट हत्या गरिएको दलित नागरिक समाजद्वारा गरिएको स्थलगत अध्ययनले देखाएको छ ।

काभ्रेपलान्चोक जिल्ला पाँचखाल न.पा. वडा नं ६ का अजित (ढकाल) मिजार (वर्ष १८) र ऐजन जिल्ला ज्याम्दी गा.वि.स. वडा नं. ८ (५२ किलो) की कल्पना पराजुली (वर्ष १८) बीच २०७३ साल असाढ २५ गते अन्तरजातीय प्रेम विवाह भएकोमा नेपाल कानुनको प्रावधान अनुसार विवाह योग्य उमेर नपुगेकाले काभ्रेपलान्चोक जिल्ला पाँचखाल स्थित इलाका प्रहरी कार्यालयलले केटा केटीलाई आ-आफ्ना अभिभावकको जिम्मा लगाउने गरि मिलापत्र गराएको थियो । मिलापत्र भइसकेपछि पनि केटा तथा उनका आफन्तहरूलाई केटी पक्षका विशेष गरि केटीको दिदी र कान्छी फुपुले ज्यानै मार्ने सम्मको धाक-धम्कीहरू दिने काम गरेका थिए । आषाढ २९ गते दिउँसो करिब १.३० बजेदेखि सम्पर्कमा नआएका मिजारले राति करिव ८ बजे अत्ताल्लिएको अवस्थामा आफ्नी ठूलो आमालाई फोन गरेका थिए । तर त्यसको चौबिस घन्टा नबित्तै ३० गते विहान करिब ६ बजेतिर धादिङ्ग जिल्ला कुम्पुर-३ स्थित परेवाटारमा काठको ठाँटीमा मिजार झुण्डिएको तर लासको खुट्टा भुइमा लत्रिएको अवस्थामा भेटिएका थिए । उक्त घटना मृतकका आफन्तले सामाजिक सञ्जालमार्फत् थाहा पाएपछि घटनास्थलमा पुग्दा प्रहरीले लास गाडिसकेको थियो । आफन्तहरूले गाडिएको लास पुन उत्खनन् गरी पुन पोष्टमार्टम गर्नको लागि काठमाण्डौ स्थित टिचिङ हस्पिटलमा ल्याएका थिए । घटनाका विरूद्ध केटी पक्षका व्यक्तिहरूका विरूद्ध केटा पक्षले ईलाका प्रहरी कार्यालय गजुरीमा किटानी जाहेरी दर्ता गराएपनि हालसम्म कुनै व्यक्तिहरू पक्राउ परेका छैनन् ।

सो घटनाका सम्वन्धमा मिति २०७३ श्रावण ४ गतेका दिन संयुक्त राजनीतिक दलित संघर्ष समितिको आयोजनामा राष्ट्रिय दलित आयोगको कार्यालयमा राष्ट्रिय दलित आयोग तथा दलित नागरिक समाज समेतको संयुक्त रूपमा बैठक बसेको थियो । उक्त बैठकको निर्णय अनुसार संयुक्त राजनीतिक दलित संघर्ष समितिले घटनाका सम्बन्धमा राज्यलाई संवेदनशिल बनाउनका लागि दवावमुलक संघर्षका कार्यक्रम गर्ने, राष्ट्रिय दलित आयोगले भएका कानूनी प्रक्रियाको विषयमा अध्ययन गर्ने तथा घटनाका सम्वन्धमा थप अनुसन्धान गर्ने र दलित नागरिक समाजका तर्फबाट घटनाको सत्य तथ्य पत्ता लगाई प्रतिवेदन सार्वजनिक गर्नको लागि स्थलगत भ्रमण गर्ने निर्णय भएकाले उक्त निर्णय अनुसार दलित नागरिक समाजका तर्फबाट समता फाउन्डेशनका अधिवक्ता प्रकाश नेपालीको संयोजकत्वमा समता फाउन्डेशनका गोपाल नेपाली, जागरण मिडिया सेन्टरका शिवहरि ज्ञवाली, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका गीता अर्याल, दलित महिला संघका मैया रोकाया सहीतको ५ सदस्यीय टोलीले मिति २०७३ श्रावण ६, ७ र ८ गते काभ्रेपलान्चोक जिल्लास्थित केटा पक्ष र केटी पक्षको घर र धादिङ्ग जिल्ला स्थित घटनास्थल लगायतका स्थानमा स्थलगत भ्रमण गरी सरोकारवाला निकाय, स्थानीय बासिन्दा सँग छलफल तथा स्थलगत अवलोकनका आधारमा यो प्रतिवेदन तयार पारिएको हो ।

स्थलगत भ्रमणका क्रममा भेटीएका आधारहरूबाट उक्त घटनाको श्रोत अन्तरजातिय विवाह भएको कारण जातीय भेदभाव तथा छुवाछूतकै मानसिकताबाट अभिप्रेरित भै योजनाबद्ध ढंगले हत्या गरेको देखिन्छ । घटनालाई आत्माहत्याको वारदात जस्तो देखाउनलाई अन्य कतै हत्या गरेर माथि उल्लेखित स्थानमा लगेर मृत्यु भैसकेको लासलाइ झुण्डाईएको देखिन्छ । तसर्थ घटनामा प्रत्यक्ष/अप्रत्यक्ष रूपमा संलग्न सबै व्यक्तीहरूको तदारूखताका साथ खोजी तथा पहिचान गरि हदैसम्मको कानूनी कारवाही गर्नुपर्छ । साथै यस घटनाबाट समग्र दलित समुदायको स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकार, आत्म-सम्मान, मानवीय मर्यादा, अविभेद, न्याय र समानता जस्ता मानवअधिकारका मुलभूत सिद्वान्त विपरितको कार्य देखिएको तथा मुलुकी ऐन ज्यान सम्बन्धी महलको विपरितको कार्य समेत भएकाले दोषीलाई हदैसम्मको कानुनी कारवाही र मृतकका परिवारलाई उचित क्षतिपूर्तिको लागि पहल गर्न ऐक्यवद्धता जनाउनका लागि राष्ट्रिय दलित आयोग, राष्ट्रिय मानवअधिकार आयोग लगायत सम्पूर्ण मानवअधिकारका क्षेत्रमा कार्य गर्ने सबै सरोकारवालाहरू तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेतलाई आह्वान गरिन्छ ।

नागरीक समाजको तर्फबाट

....................................

मोती लाल नेपाली

**संयोजक**

दलित नागरिक समाज

| ................. | .................... | .......................... | ...................... | ...................... |
|---|---|---|---|---|
| प्रकाश नेपाली | शिवहरि ज्ञवाली | गीता अर्याल | गोपाल नेपाली | मैया रोकाया |
| समता फाउण्डेशन | जागरण मिडिया सेन्टर | नेपाल राष्ट्रिय दलित समाज कल्याण | समता फाउण्डेशन | दलित महिला संघ |

**२०७३ श्रावण १२ गते**